# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, कात्तिक ११ गते २०४० साल ( अतिरिक्ताङ्क ३७

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजका हजूरमा प्रधान मन्त्री श्री लोकेन्द्रबहादुर चन्द-मार्फत पर्यटन राज्यमन्त्री श्री दीपक बोहराले शाही नेपाल वायुसेवा निगमले खरीद गर्न लागेको बोइङ्ग जहाजबारे गठित जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदनलाई लिई नैतिकताको कारण दर्शाई राज्यमन्त्री पदबाट चढाउनुभएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट नेपालको संविधान बमोजिम सो राजीनामा आजका मितिमा स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट उपर्युक्त कारणबाट रिक्त हुन आएको पर्यटन मन्त्रालयको कार्यभार नेपालको संविधान बमोजिम प्रधान मन्त्रीको सिफारिशमा श्रम तथा सामाजिक कल्याण राज्यमन्त्री श्री श्रीप्रसाद बुढाथोकीलाई सम्हाल्न हुकुम बक्सेको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।